नेपाल सरकार

गृह मन्त्रालय

# नेपाल प्रहरी प्रधान कार्यालय

## केन्द्रीय अनुसन्धान ब्यूरो

(पिलर १)

फोन: ०१-४५११७७६
Ext: १००१
फ्याक्स : ०१-४५१४३९१

पो.ब.नं.४०७

महाराजगंज, काठमाडौं

पत्र संख्या: (२०७९/०८०) च.नं. मिति: २०८०/०१/१४ गते।

प्रा.प.सं. :१-०१-१२-१

प्रेस विज्ञप्ती-८५

**" आफ्नै श्रीमतीको हत्या गरी बास्तविक परिचय लुकाई बसेको व्यक्ती १८ बर्ष पछी पक्राउ "**

कृष्ण बहादुर दर्जी समेतको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी गोपाल दर्जी भन्ने खुमे दर्जी भएको मिति २०६१।०८।२४ गते जिल्ला रुपन्देही दुधराक्ष गा.वि.स. वडा नं.३ बुद्धनगर स्थित मृतकको आफ्नै घरको कोठामा गाँउ घरमा गोपाल दर्जी भन्ने तर वास्तविक नाम खुमे दर्जीले आफ्नै तीन जना श्रीमती मध्ये कान्छी श्रीमती जाहेरवालाको भाई बुहारी वर्ष ४० की राधिका दर्जीलाई मादक पदार्थ सेवन गरेको विषयमा विवाद हुदाँ वारदात स्थलमा रहेको चिर्पटले हानी हत्या गरी बारदात पश्चात फरार रही भारतको दिल्लीमा अ.३ वर्ष काम गरी बसी नेपाल आई जिल्ला काठमाडौं का.म.न.पा. वडा नं.१७ क्षेत्रपाटी ढल्कुमा जमुना दर्जी सँग चौथो विवाह गरी सो सम्बन्धबाट छोरा वर्ष १४ को समेत जन्म भई परिवार सहित पहिचान लुकाई दिपक रानाको नाममा लुकीछिपी बसेको भन्ने गोप्य सुचनाको आधारमा खोज तलास गर्दै जाँदा मिति २०८०।०१।१३ गते जिल्ला काठमाडौं का.म.न.पा. वडा नं. १७ क्षेत्रपाटी ढल्कुमा हिडिरहेको अवस्थामा पक्राउ गरी थप कानुनी कारबाहीको लागी ईलाका प्रहरी कार्यालय बुटवल, रुपन्देहीमा बुझाईएको ब्यहोरा अनुरोध गरिएको छ।

निम्न :



पक्राउ प्रतिवादी :

नाम: खुमे दर्जी।

उपनाम: गोपाल दर्जी/ दिपक राना

उमेर: ५८ वर्ष

वतन: जिल्ला अर्घाखाँची वल्कोट गा.वि.स वडा नं. १ स्थायी वतन भई जिल्ला रुपन्देही दुधराक्षस गा.वि. स वडा नं.३ परिवर्तित सैनामैना नगरपालिका वडा नं. ५ बुद्धनगर बसोबास गर्ने हाल जिल्ला काठमाडौं, का.म.न.पा. वडा नं. १७ क्षेत्रपाटी ढल्कु डेरा गरी बस्ने।

बाबुको नाम: कुल बहादुर दर्जी

पक्राउ मिति:२०८०/०१/१३ गते।

पक्राउ स्थान : जिल्ला काठमाडौं, का.म.न.पा. वडा नं. १७ क्षेत्रपाटी ढल्कु।

प्रवक्ता तथा सूचना अधिकारी
( संजय सिंह थापा )
प्रहरी उपरीक्षक
सम्पर्क : ९८५१२९१३११